नेपाल सरकार

# सार्वजनिक खरिद पुनरावलोकन समितिका

अध्यक्ष श्री शम्भु बहादुर कार्की
सदस्य श्री हेमराज गौतम

**बाट भएको निर्णय**

२०६७/६८ सालको निर्णय नं. ४

विवाद नं. ४/०६७/६८

विवादः- **सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ बमोजिम निर्णयको पनरावलोकन गरी पाउँ ।**

सुरत हिम सिखर ट्रेडस एण्ड सप्लायर्स जेभि बाट अधिकार प्राप्त सुरत जंग मल्ल----निवेदक

विरुद्ध

नेपाली सेना प्रवन्धरथी विभाग खाद्य र परिवहन जंगी अड्डा काठमाण्डौं--------------विपक्षि
नेपाली सेना, दि फेमस महिन्द्र दल गण, मुसिकोट सल्ले, रुकुम -------------------- विपक्षि

शुरु निर्णय गर्ने सार्वजनिक निकाय प्रमुख :- प्रमुख सेनानी देवेन्द्र थापा, दि फेमस महिन्द्र दल गण प्रमुखले गरेको निर्णय आदेशमा चित्त नवुझि पुनरावलोकनको लागि परेको निवेदन र सार्वजनिक निकायबाट पेश भएको प्रस्तुत विवादको तथ्य यस प्रकार छ

**तथ्य खण्ड :**

नेपाली सेनाको लागि आवश्यक राशन आपूर्तिको लागि मिति २०६७।६।१० मा सिलबन्दी बोलपत्र आह्वान भए अनुसार पर्न आएका बोलपत्रहरु दर्ता भई कारवाही अगाडी बढेको देखिन्छ । दि फेमश महिन्द्र दल गण र स्थायी अस्थायी पोष्टहरुको लागि २०६८ साल पौष मसान्त सम्म वर्ष एकको लागि राशन आपूर्ति वन्दोवस्त बोलपत्र आह्वान भएको देखिन्छ । आह्वान भएको वोलपत्र सूचना अनुसार चारवटा बोलपत्र पर्न आएको देखिन्छ । यसरी पर्न आएका बोलपत्र हरु खोली मुचुल्का तयार गर्दा बोलपत्र र सो साथ पेश भएको राशन नमूना एंव बोलपत्र साथ पेश गर्नु पर्ने कागजात तथा बोलपत्र भर्दा नपुग भएका कुरा समेत कैफियतमा उल्लेख गरेको देखिन्छ ।

बोलपत्रहरु मूल्याङ्कन परिक्षण गर्दा चार वटा बोलपत्रहरु मध्ये सुरत हिम सिखर ट्रेडर्स एण्ड सप्लायर्सको बोलपत्र मात्र दोस्रो चरणको छनोट परिक्षणमा समावेश भई बोलपत्र पूर्णताको सम्पूर्ण शर्त पुरा गरेको पाइएकोले सारभूत रुपमा प्रभावग्राहीताको परिक्षणमा सफल भएको हुँदा उक्त बोलपत्र स्वीकृति हुनुपर्ने भनी मूल्याङ्कन समितिको मिति २०६७।७।१० को मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरेको पाइन्छ ।

मूल्याङ्कन समितिको सिफारिस बमोजिम ठेक्का स्वीकृतिको लागि तालुक अड्डामा पठाउने भन्ने गणपतिको राय सहित उपल्लो तहका नेपाली सेनामा पेश भएको देखिन्छ । पेश भएका राय तहगत हुँदै नेपाली सेना प्रवन्धरथी विभाग (खा.प.) मा पेश हुन आएकोमा सो ठेक्का वन्दोवस्त सम्बन्धी काम कारवाही को छानविन गर्न गठित वोर्डले श्री दि फेमश महिन्द्र दल गणले बोलपत्र खोल्दा कैफियतमा उल्लेख गरेका वुदाहरुलाईनै आधार मानी माग भए बमोजिमको नमूना तथा कागजात नभएको, केरमेटमा दुवै तर्फ दस्तखत नगरेको भन्ने आधारबाट ठेक्का रद्द गर्नु पर्ने राय मिति २०६७।९।१३ मा व्यक्त गरेको देखिन्छ ।

नेपाली सेना प्रवन्धरथी विभागले वोर्डले औल्याएका वुँदा समेतमा ध्यान आर्कषित गराई कुनै द्विविधा भए आधिकारीक निकायसँग राय परामर्श लिई गर्नुपर्ने कारवाही गर्न मिति २०६७।९।१३ मा श्री महिन्द्र दल गणलाई लेखी पठाएको देखिन्छ ।

उक्त गणले इकाई, दर, अंक र अक्षरमा स्पष्ट भएको तर कुल जम्मा रकममा फरक परी बोलपत्र दाताले थप गरेको अंक र अक्षरमा काटी सहिछाप गरेकोमा बोलपत्र छनौट गर्न द्विविधा परेको भनी सार्वजनिक खरिद अनुगमन कार्यालयसँग मिति २०६७।९।१६ मा राय माग गरेकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट २०६७।९।२३ मा "अस्वीकृत भएको बोलपत्रहरु अंक केरमेट भएको कारण समेतले अस्वीकृत भएको देखिन्छ । दर्ता भएका ४ वटा बोलपत्र मध्ये नमूनाको कारणले एउटामात्र बोलपत्र दाता योग्य देखिने अवस्थाले आवश्क नपर्ने वस्तुको समेत नमूना माग भएको देखिएको तथा नमूनाको मूल्याङ्कन समेत विषयगत ( Subjective) भई प्रतिस्पर्धालाई सिमित गर्ने गरी मूल्याङ्कन गरिएको जस्तो देखिन्छ । यस विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ (६) बमोजिम साना तिना फरक भएका बोलपत्रहरुलाई सारभुत रुपमा प्रवाभग्राही बोलपत्र मानिने तर्फ विचार गरी गरेको देखिदैन " भन्ने राय व्यक्त भई गएको देखिन्छ ।

निवेदक सुरत/हिम सिखर ट्रेडर्सले पुनरावलोकन गरी पाउँ भनी यस समितिमा निवेदन दिएकोमा निवेदकको माग बमोजिम हुन नपर्ने कुनै कारण र आधार प्रमाण भए सो समेत स्पष्ट खुलाई आफ्नो प्रतिकृया समेत पठाउनु भनी समितिबाट २०६७।१०।१२ मा लेखि गएकोमा जङ्गी अड्डा काठमाण्डौंबाट समयमा जवाफ प्राप्त नभएको, गणको तर्फबाट कुनै प्रतिकृया उल्लेख नभई राशन वन्दोवस्त सम्बन्धी कागजात फाईल यस समितिमा पठाइएको पाइयो ।

## समितिको ठम्म्याई र निणर्य

राशन वन्दोवस्त सम्बन्धी पुनरावलोकन निवेदन लगाएतका सम्पूर्ण कागजातको अध्ययन गर्दा श्री दि फेमस महिन्द्र दल गणमा पर्न आएको बोलपत्रहरु माग भएको गुणस्तर अनुरुपको नमूना नभएको, अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजात पेश नभएको भन्ने समेतका आधारबाट ४ बोलपत्र मध्ये तीन बोलपत्र प्रथम चरणबाट दोस्रो चरणमा समावेश हुन नसक्ने भनी एउटामात्र बोलपत्र दोस्रो चरणको मूल्याङ्कनमा समावेश भएकोमा उक्त बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएकोले स्वीकृतिको लागि मूल्याङ्कन समितिबाट सिफारिस भए बमोजिम नेपाली सेनाको उपल्लो तहमा पेश भएकोमा नेपाली सेना प्रवन्धरथी विभाग (खा.प.) को मिति २०६७।९।१३ र मिति २०६७।९।२८ को पत्र र सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०६७।९।२३ को राय समेत प्राप्त भएपछि सम्पूर्ण बोलपत्रहरुको मिति २०६७।९।३० मा पूनः मूल्याङ्कन भएको देखिन्छ ।

पुनः मूल्याङ्कन गर्दा बोलपत्र खोल्दा उल्लेख भएका कैफियतमा जनिएका कमिकमजोरीका बुँदाहरुलाई नै आधार मानी कुनै पनि बोलपत्र सारभुत रुपमा प्रभावग्राही ठहर नभएकाले बोलपत्र रद्द गरी पूनः बोलपत्र आह्वान गर्ने निणर्य भएको देखिन्छ । यो निर्णय हेर्दा गुणस्तरयुक्त राशन नमूना नभएको,माग भएका सवै कागजात नभएको, प्रमाणित कागजात नभएको, काटिएको केरमेट भएको ठाँउमा दुवै तर्फबाट सही नभएको, समेतका आधारबाट पर्न आएका सवै बोलपत्रहरु रद्द भएको देखिन्छ ।

बोलपत्र रद्द गर्न लिइएका यि आधार बुँदाहरु बोलपत्र दातालाई दिइएको निर्देशन अनुरुपको जस्तै देखिए पनि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को मर्म अनुरुप देखिदैन । ऐन, नियमको यी व्यवस्था र भएका निर्देशन एवं राय सल्लाह समेतको तात्पर्य माग बमोजिमको राशन आपूर्ति स्वच्छ प्रतिस्पर्धाबाट सुचारु रुपले हुन सकोस भन्ने हो । बोलपत्र भर्दा केरमेट थप भएकोमा रित पूर्वक सहीबोलपत्र भर्दा केरमेट थप भएकोमा सो केरमेट थपको कारण विवाद सृजना हुने र आपूर्ति हुने चिज वस्तु र सो को भुक्तानी गर्नु पर्ने रकमका सम्बन्धमा विवाद हुन सक्ने भएकोले त्यस्तो नहोस भन्ने मनसायले ऐनको दफा २३ (२) ८ मा अंक गणितिय त्रुटि भएमा सच्याउन सकिने र त्रुटि सच्याउदा ईकाई दर मान्य हुने प्रावधान रहेको पाइन्छ । इकाई दरमा कुनै द्धिविधा छैन भने सो को गुणाफलबाट आउने जम्मा अंक इकाई र दरबाट कायम गर्न सकिने भएकोले केरमेट थपघट भएकोमा दाया बाया सहिछाप गरेको हुनुपर्दछ भनी निर्देशनको १ (ख) ६ मा उल्लेख बुँदा इकाई र दर द्धारा एकिन गर्न नसकिने अन्य कलमको लागि वन्धनकारी हुन आउछ । साथै सानातिना फरक भएतापनि तात्विक भिन्नता र गम्भिर असर नपर्ने बोलपत्र प्रभावग्राही मानिने छ भन्ने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ (६) मा उल्लेख भएको पाइन्छ । ऐन, नियम र निर्देशनमा उल्लेख यी तथ्यको मर्म अनुरुप मूल्याङ्कन गर्नु पर्नेमा इकाई, दर, अंक, अक्षरमा स्पष्ट भएको तर वार्षिक अंक अक्षरमा केरमेट गरी दुवै तर्फ सहिछाप गर्नु पर्नेमा एकातर्फमात्र सहिछाप गरेको भनी तात्विक असर नपर्ने कुरालाई आधार वनाई निवेदक सुरत हिम शिखर ट्रेडर्स एण्ड सप्लायर्स जेभि को बोलपत्र समेत रद्ध गर्ने गरी श्री दि फेमश महिन्द दल गणले गरेको २०६७।९।३० को निर्णय र सोहि व्याहोर उल्लेख मिति २०६७।१०।५ को पत्रको

व्यहोरा पनि सोहि हद सम्म वदर हुन्छ । पुनः मूल्याङ्कन गरी राशन वन्दोवस्त सम्बन्धी बाँकी कार्य सम्पन्न गर्नु भनी लेखी पठाइदिने समेत ठहर्दछ । अन्य कुरमा तपशील बमोजिम गर्नु ।

## तपशील

१. प्राप्त सक्कल फाइलको आवश्यक प्रतिको फोटोकपी राखी भएको निर्णण बमोजिम गर्न सक्कल फाइल श्री दि फेमश दल गण मुसिकोट व्यारेक पठाई निवेदकलाई सो को जानकारी दिने --------------------------१
२. यो निर्णयको नक्कल सरोकारवाला माग्न आए कानूनको रीत पुऱ्याई नक्कल दिनु -------१
३. निवेदकले राखेको जमानत ऐनका म्याद भित्र माग्न आएमा फिर्ता दिने, म्याद भित्र लिन नआएमा राजस्वमा दाखिला गर्ने -----------------१
४. सक्कल कागजात फाइल अभिलेख वन्द गरी सुरक्षित साथ राख्ने------------------१

हेमराज गौतम
सदस्य

शम्भु वहादुर कार्की
अध्यक्ष

ईति सम्वत् २०६७ साल माघ १९ गते रोज ४ शुभम .....।